## सानिमा बैंक लिमिटेडको
## एघारौं वार्षिक साधारणसभाको विवरण

यस बैंकका संचालकसमितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठको अध्यक्षतामा बि.सं.२०७२ साल आश्विन २८ गते (१५ अक्टोबर २०१५) बिहीबार विहान ११:०० बजे देखि अपरान्ह १२:०० बजेसम्म नक्साल ब्यांकेट, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पन्न भएको एघारौं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेकोछ ।

**१. उपस्थिति :**

**क. सभामा उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री विनयकुमार श्रेष्ठ | - अध्यक्ष |
| २. | श्री तुकप्रसाद पौडेल | - सञ्चालक |
| ३. | डा.सुवर्णदास श्रेष्ठ | - सञ्चालक |
| ४. | श्री भरतकुमार पोखरेल | - सञ्चालक |
| ५. | श्री महेश घिमिरे | - सञ्चालक |
| ६. | श्री भरतबहादुर थापा | - सञ्चालक |

**ख. अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री भुवनकुमार दाहाल | - प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री रुद्रप्रसाद बन्जारा | - कम्पनी सचिव |

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री खेमराज खत्री | - | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री शशि सत्याल | - | प्रतिनिधि, टि.आर.उपाध्याय एण्ड कं.(लेखापरीक्षक) |

**घ.** यस एघारौं वार्षिक साधारणसभाको मितिसम्म १३५९८ जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहेका ।

**ङ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत : ५८.९**

**च. गणपुरकसंख्या तथा सभाको वैधानिकता :**

यस बैंकको संचालक समितिको बि.स.२०७२ साल आश्विन ६ गते बसेको २६७ औं बैठकको निर्णयानुसार बैंकको एघारौं वार्षिक साधारणसभाको सूचना बि.सं.२०७२ आश्विन ७ गते कारोबार राष्ट्रिय दैनिक र आश्विन १८ गते राजधानी दैनिकमा प्रकाशित गरि शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो । बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरकसंख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्नेमा कुल शेयर संख्याको स्वयं उपस्थिति तथा प्रोक्सी मार्फत ५८.९प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि

गणपूरकसंख्या पुगेको र कम्पनी ऐन, २०६३ अनुसार साधारणसभा बैधानिक भएको जानकारी सभालाई गराइयो ।

**२. छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. एघारौ वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ साल आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७२/७३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।
४. २०७२ साल बैशाखमा गएको भूकम्पबाट पिडीतहरुको लागि राहत कोषमा दिएको सहयोग रकम अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २० (बीस) प्रतिशतका दरले वोनस शेयर र १.०५ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृत गर्ने ।
२. बोनस शेयर जारी गरे पश्चात २: १ (दुई सेयर बराबर एक शेयर)अनुपातमा अर्थात ५० प्रतिशत हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने ।
३. अन्य बैंक तथा वित्तीय संस्था प्राप्त गर्ने (Acquisition) सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्न स्वीकृत गर्ने ।
४. बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्न स्वीकृत गर्ने ।
५. नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संचालक तथा प्रमुख कार्यकारी अधिकृतको पदावधि सम्बन्धी व्यवस्था नियमावलीमा समावेश गरी नियमावलीमा संशोधन गर्न स्वीकृत गर्ने ।
६. प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध**

**३. सभाको प्रारम्भ :**

बि.सं.२०७२/६/६ मा सम्पन्न सञ्चालकसमितिको २६७ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम एघारौं वार्षिक साधारणसभामा छलफल एवं निर्णयको लागि पेश गरिएको जानकारी कम्पनी सचिवले गराउनु भयो ।

**४. प्रतिवेदन प्रस्तुतः**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विनय कुमार श्रेष्ठले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट आ.व.२०७१/७२ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-

नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको सञ्चालकसमितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु श्री ब्यासकुमार शर्मा, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री कृष्णप्रसाद काश्यप, श्री नरसिंहलाल चंखुले आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

**जवाफ :**

शेयरधनीहरुबाट राख्नु भएका जिज्ञाषाहरुको अध्यक्षज्यूले स्पष्ट पार्नु भयो । शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि आभार प्रकट गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई अध्यक्षज्यूबाट आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरुः**

क. **सामान्य प्रस्ताव**

१. **एघारौ वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ साल आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।**

छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३. **लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७२/७३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक श्री टि.आर.उपाध्याय एण्ड कं.,चाटर्ड एकाउन्टेन्टस्, काठमाडौंलाई तपसीलमा उल्लेख भए बमोजिम चालू आ.व.२०७२/७३ को लागि लेखापरीक्षकमा नियुक्ति गर्ने तथा निजको पारीश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

**पारिश्रमिक :**

३.१ लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR प्रमाणित लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) कार्य गरे वापत मूल्य अभिवृद्धि कर सहित एकमुष्ट रु.१३,००,०००/- (तेह्र लाख) उपलब्ध गराउने ।

४. **२०७२ साल बैशाखमा गएको भूकम्पबाट पिडीतहरुको लागि राहत कोषमा दिएको सहयोग रकम अनुमोदन गर्ने ।**